आज मिति २०७६।०७।१५ गतेका दिन यस चौदण्डीगढी नगरपा० नगर प्रमुख श्री खगेन्द्र राई ज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको बैठक तपसिलको उपस्थितिमा बसीयो ।

तपसिल उपस्थिति

१. श्री खगेन्द्र राई - नगर प्रमुख
२. श्री रिता कुमारी चौधरी - नगर उप-प्रमुख
३. श्री शेर्हितमान तामाङ - अध्यक्ष वडा नं. १
४. श्री सन्ताबे सुब्बा - " २
५. श्री परशुराम राई - " ३
६. श्री चरण कुमार राई - " ४
७. श्री देव नारायण चौधरी - " ५
८. श्री कमलध्वज राई - " ६
९. श्री तेजराज तिम्सिना - " ७
१०. श्री श्याम कुमार मगर - " ८
११. श्री प्रकाश राउत - " ९
१२. श्री राम कुमार खड्का - " १०
१३. श्री देवि कार्की - न० का० स०
१४. श्री जानुका कमर - "
१५. श्री मदन कुमारी कार्की - "
१६. श्री विमला राई - "
१७. श्री डोमा शेर्पा - "
१८. श्री अस्मिता नेपाली - "
१९. श्री प्रमिला दनुवार - "
२०. श्री सुन्दर प्रकाश साह - "
२१. श्री जनक लाल लेखी - नि.कृ.प्रमुख
२२. श्री बालकृष्ण आचार्य - से. लु. पा०
२३. श्री नेत्र बो० वि. कु. - वि.नी.

प्रस्तावहरू

१. विपद् सम्बन्धमा ।
२. कृषि ज्ञान केन्द्र बाट प्राप्त पत्र सम्बन्धमा ।
३. कर्मचारी करार गर्ने सम्बन्धमा ।
४. शिक्षकको तलब सम्बन्धमा ।
५. त्रियुगा खोलामा अस्थायी बाटो निर्माण सम्बन्धमा ।
६. कोशेक - रसुवा - तुदी जे० भी० को माग सम्बन्धमा ।
७. बजार व्यवस्थापन सम्बन्धमा ।

Scanned by CamScanner

८. वडा कार्यालयहरुको घरभाडा सम्बन्धमा ।

९. नदिजन्य पदार्थ उत्खनन् बिक्रिवितरण सम्बन्धी सूचना प्रकाशन बारे ।

## छलफल तथा निर्णयहरु

__नि.नं.१__ प्रस्ताव नं. १ माथि छलफल गर्दा २०७६ साल असार र श्रावणमा आएको वर्षा बाट आएको बाढीले क्षति पुऱ्याएका वडा तथा बस्तिहरुमा रहेका अति प्रभावित भई जनधनको क्षति भएका स्थानहरुमा आवश्यक अवलोकन गरि नगरपालिकाको विपत् राहत कार्यविधि बमोजिम आवश्यक राहत उपलब्ध गराउने कार्य अगाडी बढाउने निर्णय पारित गरियो ।

__नि.नं.२__ प्रस्ताव नं. २ माथि छलफल गर्दा कृषि ज्ञान केन्द्र उदयपुरको च.नं. ३२ ~~मिति~~ को प्राप्त पत्र अनुसार ज्ञान केन्द्र द्वारा आयोजित ५ दिने राष्ट्रियस्तरको कृषक भ्रमणमा सहभागी हुन तपसिल बमोजिम कृषकहरु छनौट गरि पठाउने निर्णय गरियो ।

तपसिल

1. जितमान राई – वडा नं. २ (झोडापाटा)
2. ~~[illegible]~~ देवन्ती चौधरी – वडा नं. १० (बकानिया)
3. सम्झना कार्की – वडा नं. ५ (सिवाई चोक)

__नि.नं.३__ प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस न.पा.को १० नम्बर वडा कार्यालयको मिति २०७६।३।२८ गतेको वडा समितिको निर्णय बाट वडा नं. १० को लागि कम्प्युटर अपरेटर पदमा मिति २०७६।४।१ गते देखि लागूहुने गरि नविन चौधरी लाई राखि कामकाज लगाई रहेको हुँदा उक्त वडा समितिको निर्णय अनुमोदन गर्ने र निजलाई चालु आ.व. को लागि मिति २०७६।४।१३ गते देखी लागु हुने गरि करार गर्ने निर्णय गरियो । साथै निजलाई मासिक रु. २१,६००।– पारिश्रमिक उपलब्ध गराउने साथै गत आ.व. बाट न.पा. को इलेक्ट्रिकल प्राविधिकको रुपमा कार्यरत सुवास बहादुर राईलाई चालु आ.व. को मिति २०७६।५।१ गते देखी लागू हुने गरि मासिक रु.

**नि.नं.४** प्रस्ताव नं.४ माथि छलफल गर्दा न.पा. को वडा नं. ६ स्थित मा संचालित सगरमाथा आधारभूत विद्यालयमा कार्यरत शिक्षिका सुमित्रा कट्वाल लाई उक्त विद्यालयमा अर्को व्यवस्था नभए सम्मको लागि गत आ.व. को सम्झौता अनुसारकै सेवा सुविधा हुने गरि न.पा. बाट तलब भत्ता उपलब्ध गराउने निर्णय गरियो ।

**नि.नं.५** प्रस्ताव नं.५ माथि छलफल गर्दा वडा नं. ६ र ५ मा पर्ने त्रियुगा नदिमा अस्थायी बाटो निर्माणको लागि न.पा. बाट प्राविधिक खटाई लागत स्टीमेट तयार गरि अस्थायी बाटो निर्माण गर्ने निर्णय गरियो ।

**नि.नं.६** प्रस्ताव नं.६ माथि छलफल कोशेढुङ्गा-सुना-तुर्दी जे.भी. को माग निवेदन अनुसार धरान-चतरा-गाईघाट-कटारी-हर्दिया सडक आयोजना (ठे.नं. BBPCU-DB-SRN-074/75-3D29) अन्तर्गत यस न.पा. क्षेत्रमा निर्माण भई रहेको पुलहरुको दायाँ बायाँ — Approach सडकमा फिलिङ्ग गर्नको लागि आवश्यक ग्राभेल न.पा. ले IEE गरेका उपयुक्त खोलाहरु बाट नियमानुसार राजश्व लिई उपलब्ध गराउने निर्णय गरियो ।

**नि.नं.७** प्रस्ताव नं.७ माथि छलफल गर्दा यस न.पा. को मुख्य बजार क्षेत्र वडा नं. ६ र ७ को बेल्टार बजार अव्यवस्थित रुपमा पसल संचालन गर्ने कार्यलाई व्यवस्थापन गर्ने तथा बजार सरसफाई गर्ने कार्यको लागि सम्बन्धीत सबै पक्षलाई पत्राचार गर्ने र कडाईका साथ बजार व्यवस्थापन कार्य गर्ने निर्णय गरियो ।

Scanned by CamScanner